महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ सोलुखुम्बु ।
प्रदेश नं.१ नेपाल

स्थानीय सरकारबाट प्रकाशित राजपत्र

# महाकुलुङ राजपत्र

## घरैमा आधारित जेष्ठ नागरिक आधारभूत स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मिति २०७९।०६।०७ गते

## घरैमा आधारित जेष्ठ नागरिक आधारभूत स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावना**

महाकुलुङ गाउँ पालिकाको गाउँ सभाबाट पारित नीति तथा कार्यक्रम २०७९ वमोजिम तय गरीएको प्रमुख नीति मध्ये **घरैमा आधारित जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन कार्यविधि २०७९** स्थापना गरि पालिकामा वसोवास गर्ने जेष्ठ नागरिक जेष्ठ महिला गरिव असहाय सिमान्तकृत वर्ग तथा समुदायको गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा पहुँच र सेवाको उपभोगमा बृद्धि गर्न घरैमा आधारित जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन कार्यविधि तयार गरी कार्यनीतिमा उल्लेख भए वमोजिम पालिकाहरुमा वसोवास गर्ने जेष्ठ नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यकता र प्राथमिकताको आधारमा यस महाकुलुङ गाउँ पालिकाका दुर्गम तथा स्वास्थ्य सेवाबाट बञ्चित रहेका जेष्ठ नागरिकहरुलाई स्वास्थ्य सस्थाहरुको पहुँचमा ल्याउने नीति अनुरुप आ.ब.२०७९/८०मा महाकुलुङ गाउँपालिकाले **नेपालको संविधान २०७२ वमोजिमको धारा ४१ र धारा ३५ तथा राष्ट्रिय स्वासथ्य नीति २०७६ को रणनीति ६.४.१२ तथा जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा (२४) को उपदफा (५)** को मर्म वमोजिम जेष्ठ नागरिक,दिर्गरोगी, दुर्घटना वा अन्य कारणबाट लामो समयसम्म हेरचाह गर्नु पर्ने विरामीहरुलाई सो सेवा निज बसेको घरमा नै उपलब्ध गराउन साथै स्थानीय सरकारलाई जवाफदेही र नियमन गर्न र सबै नागरिकलाई निशुल्क आधारभुत स्वास्थ्य सेवा पाउने जनताको संवैधानिक अधिकार स्थापित गर्न वान्छनिय भएकाले महाकुलुङ गाउँ पालिकाको प्रशासनिक कार्यविधि(नियमित गर्ने) ऐन,२०७५ को दफा (४)को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरी लागु गरिएको छ ।

### परिच्छेद १

१) **संक्षिप्त नाम र प्रारम्भः-**

क) यो कार्यविधिको नामः **"घरैमा आधारित जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम" सञ्चालन कार्यविधि,२०७९** रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकावाट स्वीकृत भए पश्चात तुरुन्त लागु हुनेछ ।

२) **परिभाषाः**

१) विषय र प्रसंगले अर्को अर्थ नलागेमा

क) **"घरैमा आधारित जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम"** भन्नाले सेवाग्राहि बसोवास गरेको घर वा स्थानमा गई दक्ष र तालिम प्राप्त स्वास्थ्यकर्मी स्वयं उपस्थीती भई सेवाग्राहीलाई प्रदान गरिने स्वास्थ्य सेवालाई सम्झनु पर्दछ ।

ख) **"लक्षित वर्ग"** भन्नाले महाकुलुङ गाउँपालिका भित्रका ६८ बर्ष माथीका जेष्ठ नागरिक तथा अति अशक्त क र ख वर्गका व्यक्ति तथा ६० बर्षमाथीका दलित जेष्ठ नागरिकहरु तथा दुर्घटना वा अन्य कुनै कारणवाट लामो समयसम्म हेरचाह गर्नु पर्ने बिरामीहरुलाई (पारलाईसिस् तथा इस्पाईनल ईन्जुरी) समेत बुझ्नु पर्दछ ।

ग) **"गाउँ पालिका"** भन्नाले महाकुलुङ गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

घ) **"कार्यपालिका"** भन्नाले महाकुलुङ गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

ङ) **"मन्त्रालय"** भन्नाले नेपालसरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सम्झिनु पर्दछ ।

च) **" स्वास्थ्य शाखा"** भन्नाले महाकुलुङ गाउँपालिकाको स्वास्थ्य सेवा विभाग अन्तर्गतको सामाजिक विकास तथा स्वास्थ्य शाखालाई सम्झनु पर्दछ ।

छ) **"अनुगमन समिति"** भन्नाले पालिकाको स्थानीय स्वास्थ्य र सरसफाई ऐन २०७५ को दफा ५ अनुसार गठीत समितिलाई सम्झनु पर्दछ ।

ज) **"व्यवस्थापन समिति"** भन्नाले दफा (१) को (ग)अनुसार गठीत समितिलाई सम्झनु पर्दछ ।

झ) **"सेवा प्रदायक तथा जनशक्ति"** भन्नाले घरैमा आधारित जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम संचालनका लागि आधारभूत चिकित्सा सेवा नर्सिङ र प्रयोगशाला सेवा लगायतका अन्य सेवा प्रदान गर्नका लागि सम्वन्धित निकायवाट तोकिएको विशेषज्ञता हासिल गरि प्रचलित कानून वमोजिम सम्वन्धित परिषदवाट मान्यता प्राप्त वा तालीम प्राप्त स्वास्थ्यकर्मीहरु सेवा करारमा लिएका प्रावधिक कर्मचारीलाई बुझाउछ ।

ञ) **"स्वास्थ्य सेवा"** भन्नाले आधुनिक चिकित्सा एलोप्याथीक आयूर्वेदिक होमियोप्याथिक युनानी प्राकृतिक चिकित्सा अकुपञ्चर आम्ची चिकित्सा पद्दतीमा आधारित भई प्रदान गरिने प्रतिकारात्मक उपचारात्मक प्रवर्द्धनात्मक निदानात्मक पुर्नस्थानात्मक र प्रशामक लगायतका सेवालाई सम्झनु पर्दछ ।

ट) **"अस्पताल"** भन्नाले महाकुलुङ गाउँपालिकाले संचालन गरेको महाकुलुङ प्राथमिक अस्पताललाई सम्झनु पर्दछ ।

ठ) **"सामान्य स्वास्थ्य सेवा"** भन्नाले यस कार्यबिधिको दफा (४) वमोजिमको पहिलो तहको सेवालाई बुझाउदछ ।

ड) **"बिषेश स्वास्थ्य सेवा"** भन्नाले यस कार्यविधिको दफा (४) वमोजिमको दोस्रो तहको सेवालाई बुझाउदछ ।

ढ) **"आकस्मिक स्वास्थ्य सेवा"** भन्नाले यस कार्यविधिको दफा (४) वमोजिमको तेस्रो तहको सेवालाई बुझाउदछ ।

ण) **"सेवा प्रदायक सस्था"** भन्नाले यस कार्यविधि वमोजिम घरैमा आधारित जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम प्रदान गर्ने स्थानीय तह वा महाकुलुङ गाउँ पालिकालाई सम्झनु पर्दछ ।

## परिच्छेद २

### कार्यक्रमको लक्ष उदेश्य तथा औचित्य सम्वन्धि व्यवस्था:-

३) **परिकल्पना (vison) :-** जेष्ठ नागरिकहरुको संरक्षण र सामाजिक सुरक्षा गरी स्वास्थ्य र सम्मानजनक तरिकाले बाँच्न पाउने अधिकारको संरक्षण हुने साथै गाउँ घरको पहुँचसम्म स्वास्थ्य सेवा प्रवाह गरि जेष्ठ नागरिकहरुको जिवनयापन सहज हुने वातावरण सृजना हुन सक्छ ।

४) **आवश्यकता (Necessity):-**

१) जेष्ठ नागरिकहरुको आधारभूत स्वास्थ्य सेवा घर घरको पहुँचमा पुऱ्याउने कार्यमा गाउँ पालिकाको प्रमुख भुमिका र जिम्मेवारी रही आएको हुदाँ सवै वडाका जेष्ठ नागरिकहरुको स्वास्थ्य परीक्षण स्वास्थ्यकर्मीवाट नियमित गर्ने ।

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल

२) उच्चरक्तचाप लगायत मुटुका रोगहरु मधुमेह दम र अन्य फोक्सोका रोगहरु र मानसिक रोगका विरामीले नियमित सेवन गर्नु पर्ने औषधिहरु सेवन गरि रहेको यकिन गरी उक्त औषधिहरु निशुल्क उपलब्ध गराउने व्यवस्था मिलाउने ।

३) जेष्ठ नागरिकमा देखिन सक्ने रोगहरुको रोकथामका लागी खानपान व्यक्तिगत रहनसहन र वातावरणीय तत्वसँग उक्त रोगको सम्वन्धका वारेमा नियमित स्वास्थ्य शिक्षा प्रदान गर्ने ।

४) नेपालको संविधान धारा ४१ मा जेष्ठ नागरिकहरुको राज्यवाट विशेष संरक्षण गरि सामाजिक सुरक्षाको हकलाई प्रत्याभूती दिलाउने व्यवस्था र महाकुलुङ गाउँ पालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन २०७५ को दफा २९ को उपदफा (३) कार्यान्वयनको लागी गाउँ सभावाट जेष्ठ नागरिकहरुको उपचार तथा औषधी कार्यक्रमका लागि आवश्यक वजेट विनियोजन गरी जेष्ठ नागरिकहरु स्वास्थ्य रही सम्मानजनक रुपमा बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्न आवश्यक भएकाले ऐनको दफा ४१ वमोजिम महाकुलुङ गाउँपालिकाले यो कार्यविधि वनाएकोछ ।

५) लक्ष्य **(Goal)** :- जेष्ठ नागरिकहरुको मौलिक अधिकारको रुपमा रहेको आधारभूत स्वास्थ्य सेवालाई घरदैलोमा निःशुल्क उपलव्ध गराई स्वास्थ्य सेवामा सबै जेष्ठ नागरिकहरुको पहुँच बृद्धि गरी जेष्ठ नागरिकहरुको जिवनयापनमा सहजीकरण गर्ने ।

६) उदेश्य **( Objectives ) :-**

१) ६८ बर्ष माथिका जेष्ठ नागरिकहरु तथा ६० बर्ष माथीका दलित जेष्ठ नागरिकलाई घरदैलोमा नै निःशुल्क स्वास्थ्य परिक्षण गर्ने ।

२) स्वास्थ्यको अवश्था हेरी वा पहिचान गरी दफा ७ को उपदफा ३ बमोजिमको सेवा उपलब्ध गराउने।

३) नियमित रुपमा सेवन गरिरहका औषधीहरु निःशुल्क रुपमा उपलब्ध गराउने ।

४) ६८ बर्ष माथिका जेष्ठ नागरिक तथा ६० बर्ष माथीका दलित जेष्ठ नागरिकलाई भेला गराई म छु खुशी छु अभियानसँगै स्वास्थ्य परीक्षण गरि स्वस्थ्य रहन सन्तुलित तथा पौष्टिक आहार रहन सहन सरसफाई जस्ता दैनिक अपनाउनु पर्ने सकारात्मक धारणा विकास गर्न स्वास्थ्य शिक्षा र परामर्श सेवा दिईने छ ।

५) शारिरीक तथा आर्थिक अवस्था कम्जोर भएका कारणले आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्न नसकेको अवस्थाको अन्त्य गर्ने ।

## परिच्छेद ३

### सेवाग्राहीहरुले पाउने सेवा तथा सुविधा सम्वन्धी व्यवस्था:-

**७) घरैमा आधारित जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रमका लागि सेवाग्राही:-**

१) घरैमा आधारित जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रमको सेवा लिन देहाय वमोजिमको सेवाग्राही रहनेछन् ।

क) ६८ बर्षका जेष्ठ नागरिकहरु ।

ख) ६० बर्षमाथीका सवै दलित जेष्ठ नागरिकहरु ।

महाकुलुङ गाउँकार्यपालिकाको कार्यालय
दु. सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

ग) दुर्घटना वा अन्य कुनै पनि कारणवाट लामो समयसम्म उपचार गर्नु पर्ने विरामी (पारालाईसिस् ,ईस्पानल ईन्जुरी वा दुबै हातखुट्टा नचल्ने ) ।

घ) शारिरीकरुपमा अति असक्त भएका ब्यक्ति (क) र (ख) का परिचय पत्र भएका ब्यक्तिहरु)

ङ) दिर्घरोगी अतिविपन्न नागरिक भएमा जुनसुकै उमेर समुहका व्यक्तिहरु ।

२) उपदफा (१) अनुसारका सेवाग्राहीले यस कार्यविधि वमोजिमको घरैमा आधारित जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रमको सेवा लिनका लागी सेवा प्रदायक सस्थामा अनुसुची-२ अनुसारको आवेदन पेश गर्नु पर्नेछ ।

**३) घरैमा आधारित जेष्ठ नागरिक स्वास्थ्य सेवाको तहः**

१) सेवाग्राहीको शारिरीक तथा मानसिक स्वास्थ्य सेवाको अवस्था औचित्य थाहा पाउनका लागि अनुसुची-३ को फारम भरी सेवा लिन सकिनेछ ।

क) पहिलो सेवा सामान्य सेवा

ख) दोस्रो सेवा विशिष्टिकृत सेवा

ग) तेस्रो सेवा आकस्मिक सेवा

घ) चौथो सेवा विशेषज्ञ सेवा

२) उपदफ (१) मा उल्लेखीत तह अन्तर्गत पर्ने सेवाको वर्गिकरण र उक्त सेवा प्रवाह गर्न सेवा प्रदायकको योग्यताको विस्तृत विवरण अनुची (४) र अनुसुची (१) मा राखीएको छ ।

४) सेवा सुल्क परिच्छेद ३ को दफा (१) मा उल्लेखीत तोकिएका सेवाग्राहीहरुले यो सेवा लिन कुनै शुल्क तिर्नु पर्ने छैन ।

## परिच्छेद ४

**८. घरैमा आधारित जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम सञ्चालनका लागि कर्मचारी नियूक्ति, सेवा सुविधा र काम काज सम्वन्धि व्यवस्थाः**

१) गाउँ पालिकाले घरैमा आधारित जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन हुने सबै साविकका वडाहरु (बुङ,छेस्काम र गुदेल गा.वि.स.)मा कार्यक्रम संचालनका लागि सेवा करारमा तपसिलको पद सेवा र समुह तहका स्वास्थ्य सेवाका कर्मचारीहरु नियूक्ति गर्नु पर्ने छ ।

२) उप दफा (१) वमोजिम सेवा करारमा नियूक्ति हुने स्वास्थ्यकर्मीको सेवा करार अवधि ६ महिनाको हुनेछ ।कार्य सम्पादन तथा मूल्याङ्कनको आधारमा नवीकरण वा म्याद थप गरिनेछ ।

३) स्वास्थ्यकर्मीको वा कर्मचारीको तलव सुविधाः स्वास्थ्य सेवाको चौथो तहको सुरु तलव स्केल संरह हुनेछ ( मासिक रू ३२९०२।-) र फिल्ड तथा संचार खर्च वापत मासिक रु१००० एक हजार उपलव्ध गराइनेछ ।

४) करार अवधि समाप्त भएमा उक्त कार्यक्रमबाट भर्ना भएका कर्मचारीहरुलाई कुनै पारिश्रमिक प्रदान गरिने छैन ।

**५) स्वास्थ्यकर्मीलाई पालिकाले कामकाजमा देहायको अवस्थामा खटाउन सक्नेछ ।**

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

१) पालिकाले स्वास्थ्यकर्मीलाई महामारी वा स्वास्थ्य आपतकालको अवस्था वा अत्यावश्यक स्वास्थ्य सेवा वा अन्य स्वास्थ्य सेवा सम्वन्धी कामकाजमा जुनसुकै समयमा आवश्यकता अनुसार स्वास्थ्य संस्थामा खटाउन सक्नेछ ।

२) पालिकाले कर्मचारीको कार्यक्षमताको आधारमा वृत्तिविकासका लागि तालिममा पठाउन सक्नेछ ।

**६) पारिश्रमिक र चार्ड पर्व खर्च भुक्तानी:-**

१) स्वास्थ्य सेवाको चौथो तह सरहको शुरु स्केल वापतको रकम मासिक पारिश्रमिक करार सम्झौतामा उल्लेख भए वमोजिम पाउनेछ ।

२) करार अवधि ६ महिना भन्दा वढी सेवा गरेमा हरेक बर्ष १ महिनाको पारिश्रमिक वरावरको रकम चार्डपर्व वापत दिइनेछ ।

३) उपदफा १ वमोजिमको स्वास्थ्यकर्मीको मासिक पारिश्रमिक चार्डपर्व खर्च तथा पोशाक भत्ता वापतको वजेट वार्षिक रुपमा पालिकाले व्यवस्था गर्नेछ ।

४) उपदफा ३ वमोजिमको वजेट पालिकाले विनियोजन गरि आर्थिक तथा प्रशासन शाखामा पठाउनेछ तत् पश्चात मात्र भुक्तानी हुनेछ ।

५) उपदफा ३ वमोजिम स्वास्थ्यकर्मीको निरन्तरता र वजेट व्यवस्था नभएमा सो सुविधा दिन वाध्य हुने छैन र पालिका वा सम्वन्धित निकायवाट वजेट विनियोजन नभएमा सो कार्यक्रम समाप्त वा निस्क्रिय भएको मानिनेछ ।

**७) बिदा तथा अन्य सुविधा सम्वन्धमा:-**

१) मासिक रुपमा १ दिनको भैपरी विदा प्राप्त गर्न सकिनेछ ।

२) बिना सूचना कार्यरत कार्यालय वा कार्यक्षेत्रमा उपस्थिती नभएमा त्यस्तो अनुपस्थितीको दिनको तलव पाउनेछैन ।

३) उपदफा ५ वाहेक किरिया विदा १५ दिन र सुत्केरी विदा ६० दिनसम्म पाउनेछ ।

४) यस कार्यविधिमा तोकिएको वाहेक सेवा सुविधा र अन्य सर्तहरु सेवा करार सम्झौतामा उल्लेख भए वमोजिम हुनेछ ।

## परिच्छेद ५

**९) कार्यक्रम संचालन अनुमति तथा संचालन प्रक्रिया सम्वन्धी व्यवस्थापन:-**

१) घरैमा आधारित स्वास्थ्य सेवा सञ्चालन अनुमति तथा संचालन गर्ने निकाय

२) स्थानीय तहको गाउँ कार्यपालिकाको निर्णय अनुसार कार्यपालिकाबाट कार्यविधि पास भए पश्चात नै संचालन तथा अनुमति भएको मानिनेछ ।

३) जेष्ठ नागरिक कार्यक्रम संचालनका छनौट भएका स्वास्थ्यकर्मीहरुको काम कर्तव्य र अधिकार निम्न अनुसार हुनेछ ।

४) तोकिएको समय (१० बजे देखी ५ वजे सम्म) भित्रमा आफुलाई तोकिएका साविकका वडाहरुमा गई ६८ बर्ष माथिका जेष्ठ नागरिकहरु तथा ६० वर्ष माथीका दलित जेष्ठ नागरिकहरुको विवरण

महाकाली गाउँ कार्यपालिका ... कोशी प्रदेश, नेपाल

अनुसूची-१ बमोजिमको ढाँचाका फारमहरुमा संकलन गर्ने १५ दिन भित्रमा सम्वन्धीत पालिकामा वुझाई पालिका स्वास्थ्य शाखाले २५ दिनको फिल्ड कार्य तालिका वनाई काम काजमा खटाईनेछ ।

५) ३ दिन प्रतिवेदन गर्नका लागि सम्वन्धित वडाको स्वास्थ्य संस्थामा हाजिर हुने र २ दिन विदा हुनेछ ।

६) यसरी विवरण संकलन गरी सके पश्चात प्रत्येक वडामा जेष्ठ नागरिक भेला गराउने र प्रत्येक वडामा जेष्ठ नागरिक समन्वय समिति गठन गर्ने ।

**७) प्रत्येक महिना प्रत्येक जेष्ठ नागरिकहरुलाई घरमा गई तोकिए अनुसारको काम गर्नु पर्नेछ।**

क) अनुसूची २ वमोजिमको ढाँचाको रजिष्टरमा नाम दर्ता गर्ने ।

ख) स्वास्थ्य परिक्षण गर्ने स्वास्थ्य परीक्षण गर्दा Vital sings हेर्ने रगतमा सुगरको मात्राको जाँच गर्ने स्वासप्रस्वास सम्वन्धि कुनै समस्या भए वा नभएको हेर्ने वा दिर्घरोग भए नभएको यकिन गर्ने र हेर्ने Record राख्ने ।

ग) प्रत्येक विरामीले नियमित सेवन गरिरहेका औषधीहरुको विवरण तयार गर्ने

घ) सहि मात्रा सही औषधी सहि समयमा सेवन गरे नगरेको यकिन गरी नियमितताको लागी आवश्यक सल्लाह र परामर्श दिने ।

ङ) आवश्यकता अनुसार उपचार गर्ने साथै उपचार सम्भव नहुने भएका परिच्छेद ३ को दफा (७) को उपदफा (३) को (ख) (ग)र (घ) लागि तुरुन्त प्रेषण गर्ने र सोको जानकारी सम्वन्धित अस्पताल वा स्वास्थ्य संस्थालाई गराउने ।

च) गाउँ पालिकावाट जेष्ठ नागरिक कार्यक्रमका लागि तोकिएको निशुल्क औषधीहरु वितरण गर्ने र Record राख्ने ।

छ) बिभिन्न सर्ने तथा नसर्ने सरुवा रोगहरुका बारेमा स्वास्थ्य शिक्षा तथा परामर्श सेवा उपलव्ध गराउने र योग शिक्षाका लागि समेत प्रेषण गर्ने ।

ज) ६८ बर्ष माथिका जेष्ठ नागरिकहरु तथा ६० बर्ष माथीका दलित सबै जेष्ठ नागरिकहरुलाई अनुसूची ३ को ढाँचाको कार्ड बितरण गर्ने ।

झ) आफ्नो कार्यक्षेत्रमा भएका आश्रमहरुमा रहेका जेष्ठ नागरिकहरुको स्वास्थ्य परीक्षण मासिक रुपमा गर्ने ।

ञ) स्वास्थ्य संस्थाको नियमित वैठकमा भाग लिने र मासिक रुपमा अनुसूची ४ को ढाँचामा प्रतिवेदन गर्ने ।

ट) स्वास्थ्यकर्मीले प्रत्येक महिना तोकिएको दिन बिहान १० वजे देखि ४ वजे सम्म दैनिक १५ देखि २० जनालाई स्वास्थ्य परीक्षण गरी जेष्ठ नागरिकलाई आधारभूत स्वास्थ्य सेवा उपलव्ध गराउनु पर्नेछ

ठ) अन्य तोकिए बमोजिमका कार्यहरु गर्नु पर्ने छ ।

**८) कार्यक्रम संचालन गर्नका लागि आवश्यक पर्ने उपकरण तथा औषधी सम्वन्धी व्यवस्था**

महाकुलुङ गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

क) कार्यक्रम संचालन गर्न आवश्यक पर्ने औजार उपकरण तथा औषधीको व्यवस्थापन प्रचलित कानून वमोजिम स्वास्थ्य शाखा वा वडाको लक्षित कार्यक्रमवाट गर्नु पर्ने छ ।नेपाल सरकारको स्वास्थ्य विमा कार्यक्रमवाट हुन नसक्ने तर ६० वर्ष माथिका जेष्ठ नागरिकहरुले नियमित प्रयोग गर्नै पर्ने औषधीको व्यवस्थापन निःशुल्क रुपमा वितरण गर्ने व्यवस्था गरिनेछ । आकस्मिक सेवा र विशेष सेवा लिनका लागि भने अस्पताल सचालन तथा व्यवस्थापन समितिको निर्णय अनुसार हुनेछ ।

ख) स्थान,समय र आवश्यक भौतिक व्यवस्थापन

५ वटै वडामा सेवा सञ्चालन हुनेछ भने महाकुलुङ गाउँपालिकाका ५ वटा वडालाई २ खण्डमा विभाजन गरी कार्यक्रम सञ्चालन गरिनेछ जसमा पहिलो खण्डमा बुङ गा.वि.स. वडा नं. १,२,४,५,६ र ९ ( हाल महाकुलुङ गाउँपालिका वडा नं. १) र साविक छेस्काम गा.वि.स. वडा नं. १,२,३,४,५,६, ८ र ९ ( हाल महाकुलुङ गाउँपालिका वडा नं. ३) र दोस्रो खण्डमा साविक बुङ गा.वि.स. वडा नं.३,७ र ८ (हाल महाकुलुङ गाउँपालिका वडा नं. २) र साविक गुदेल गा.वि.स. वडा नं. १ देखि ७ सम्म (हाल महाकुलुङ गाउँपालिका वडा नं. ४ र ५ ) १/१ जना स्वास्थ्यकर्मी (जम्मा २ जना) ले जेष्ठ नागरिक फरक क्षमता र ६० वर्ष माथीका जेष्ठनागरिकहरु र जुन सुकै उमेर समुहको दिर्घरोगी (मुटु स्वासप्रस्वासको रोग क्यान्सर मधुमेह) हरुको स्वास्थ्य परीक्षण गरिनेछ।

ग) **अनुगमन समिति गठन काम कर्तव्य र अधिकार** १) जेष्ठ नागरिक आधारभूत स्वास्थ्य सेवा कार्यक्रमको अनुगमन स्थानीय स्वास्थ्य सरसफाई ऐन २०७५ को दफा ५ को उपदफा १ वमोजिम गठन भएको स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिले गर्नेछ ।

२) अनुगमन समितिको काम कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछ ।

क) नियमित रुपमा जेष्ठ नागरिक आधारभूत स्वास्थ्य सेवा कार्यक्रमको अनुगमनका लागि १ त्रैमासिकमा रुपमा १० घरको अनुगमन गर्नु पर्नेछ । समितिका सदस्यलाई नियमित अनुगमनको लागि अनुगमन समितिले तोक्नेछ ।

ख) अनुगमनको चेकलिष्ट भरी स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ सो अनुगमन गरे वापत १ दिनको पारिश्रमिक भत्ता वापत रु १५०० (एक हजार पाँच सय) मा १५प्रतिशत कर कट्टा गरि अनुगमन वापतको रकम भुक्तानी गरिनेछ ।

ग) कार्यक्रममा देखिएका सवल पक्ष र सुधार गर्नु पर्ने पक्षको प्रतिवेदन वनाई कार्यक्रमलाई थप प्रभावकारी वनाउन योजना निर्माणको लागि स्वास्थ्य शाखालाई सल्लाह सुझाव दिने ।

घ) वडा स्तरीय जेष्ठ नागरिक समन्वय समितिलाई आवश्यक सल्लाह र सुझाव दिने ।

ङ) जेष्ठ नागरिक आधारभूत स्वास्थ्य सेवा कार्यक्रमको लागि आवश्यक वजेट, श्रोत साधन जुटाउने र परिचालन गर्ने र गराउने ।

**च)** जेष्ठ नागरिक आधारभूत स्वास्थ्य सेवा कार्यक्रमका लागि खटिएका कर्मचारीहरुको कामको नियमित मूल्याङ्कन गर्ने र समय समयमा पृष्ठपोषण दिने ।

**छ)** कर्मचारीको काम सन्तोषजनक गरेको नपाएमा लिखित तथा मौखिक चेतावनी दिने तथा पटक पटक गैर जिम्मेवारीपुर्ण कार्य गरेमा निजलाई कार्वाही तथा गयलकट्टी गर्न गाउँपालिका समक्ष सिफारिस गर्ने ।

**ज)** कर्मचारीहरुको मूल्याङ्कन गरी सबै भन्दा उत्कृष्ट काम गर्ने कर्मचारीलाई प्रोत्साहनको व्यवस्था गर्ने ।

**झ)** जेष्ठ नागरिक आधारभूत स्वास्थ्य सेवा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न आवश्यक अन्य कार्यहरु गर्ने र गराउने ।

**९) वडा स्तरीय जेष्ठ नागरिक समन्वय समिति गठन, काम, कर्तव्य र अधिकारः-**

**(१)** जेष्ठनागरिक आधारभूत स्वास्थ्य सेवा कार्यक्रमको प्रभावकारी व्यवस्थापन तथा दिगोपनाको लागि प्रत्येक वडामा वडा स्तरीय ७ सदस्यीय देह्मय वमोजिमको वडा स्तरीय जेष्ठ नागरिक समन्वय समिति गठन गरिनेछ।

क) वडा अध्यक्ष - संयोजक
ख) वडा भित्रको महिला स्वास्थ्य स्वयं सेविका मध्येवाट संयोजकले मनोनयन गरेको १ जना – सदस्य
ग) वडा सदस्य मध्येवाट कम्तिमा १ जना महिला पर्ने गरी जनप्रतिनिधिहरु मध्येवाट २ जना – सदस्य
घ) वडा भित्रका वडा स्तरीय जेष्ठ नागरिकहरु मध्ये सबै टोलको प्रतिनिधित्व हुने गरी २ जना – सदस्य
ङ) जेष्ठ नागरिक आधारभूत स्वास्थ्य सेवा कार्यक्रम हेर्ने कर्मचारी – सदस्य सचिव
च) **(२) वडा स्तरीय जेष्ठ नागरिक समन्वय समितिको काम कर्तव्य र अधिकार निम्न अनुसार हुनेछ ।**

क) आफ्नो वडामा वडा स्तरीय जेष्ठ नागरिक संख्या र प्रत्येक टोलमा हुने सदस्य संख्याको लेखाजोखा गर्ने कोही छुट भए नभएको जानकारी लिने।

ख) जेष्ठ नागरिक आधारभूत स्वास्थ्य सेवा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि वडा स्तरीय वार्षिक योजना वनाई सम्वन्धीत्त वडा समितिमा पेश गर्ने ।

ग) नियमित वैठक वस्ने जेष्ठ नागरिकहरुमा आईपरेका समस्या समाधानका लागि आवश्यक कार्य गर्ने ।

घ) जेष्ठ नागरिक आधारभूत स्वास्थ्य सेवा कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने सर समाग्री औषधी तथा उपकरणहरुको व्यवस्थापन गर्ने।

ङ) जेष्ठ नागरिक आधारभूत स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्न आउने कर्मचारीहरुलाई आवश्यक सहयोग गर्ने ।

च) आफ्नो वडाको जेष्ठ नागरिक आधारभूत स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्नका लागि जेष्ठ नागरिकहरुको विवरण संकलनमा सहयोग गर्ने ।

छ) वडा स्तरमा नियमित अनुगमन गर्ने तथा पालिकास्तरीय अनुगमन समितिसँग समन्वय गरि जेष्ठ नागरिक आधारभूत स्वास्थ्य सेवा कार्यक्रमलाई प्रभावकारी संचालन तथा कार्यान्वयनका लागि अन्य कार्यहरु गर्ने ।

परिच्छेद ६

(१०) **वित्तीय स्रोतः-** सरकारी श्रोत वडावाट लक्षित वर्गका लागि छुट्टाईएको वजेट पालिकावाट छुट्टाईएको बिषयगत वजेट तथा सर्सतवाट विनियोजित जेष्ठ नागरिक उपचार तथा औषधी कार्यक्रम सम्वन्धी शिर्षकका वजेटहरु तथा अन्य सरकारी श्रोतवाट प्राप्त वजेटहरु वैदेशिक सहयोग तथा विभिन्न संघसंस्थावाट प्राप्त सहयोग तथा निजि क्षेत्रवाट यस कार्यक्रमको लागि प्राप्त रकम आदि यस जेष्ठ नागरिक आधारभूत स्वास्थ्य सेवा कार्यक्रम कार्यान्वयनका श्रोतहरु हुन् ।

(११) **प्रचलित कानून लागु हुनेः-** यस कार्यविधिमा व्यवस्था भएका विषयका सम्वन्धमा सोही वमोजिम र उल्लेख नभएका विषयमा प्रचलित कानून वमोजिम हुनेछ ।

(१२) **वाधा अड्काऊ फुकाउनेः-** यस कार्यविधिलाई आवश्यकता अनुसार संशोधन एंव खारेजी गाउँ कार्यपालिकाले परिमार्जन गरी गाउँ सभाले अनुमोदन गर्न सक्नेछ ।

आज्ञाले

पदम बहादुर बस्नेत

प्रमुख प्रशासकीय अधिकृत

**घरैमा आधारित जेष्ठ नागरिक आधारभूत स्वास्थ्य सेवा कार्यक्रम संचालन गर्दा अपनाउनु पर्ने नियमहरु**

घरैमा आधारित जेष्ठ नागरिक आधारभुतं स्वास्थ्य सेवा कार्यक्रम २ प्रकारले गरिनेछ भने उक्त कार्यक्रम संचालन गर्ने कर्मचारी तथा स्वास्थ्यकर्मीले तपसिलमा उल्लिखित औषधी तथा कार्यहरु मात्र गर्नु पर्नेछ ।

१) सामान्य उपचारः

२) विशिष्टकृत उपचारः

१) सामान्य उपचारमा तपसिलका उपचार तथा औषधीहरु पर्दछन् ।

| क्र.स. | औषधीको नाम र मात्रा | समुह | उपचारको प्रकार | कैफियत |
|---|---|---|---|---|
| १ | Paracetamol 500 mg Tablet | Analgesic Antipyretic Inflammatory | सामान्य उपचार | |
| २ | Ibuprofen 400 mg Tablet | | सामान्य उपचार | |
| | Diclofenac Sodium 50 mg | | सामान्य उपचार | |
| ३ | Amoxicillin 250/500 mg Cap/ Tablet | Antibiotic | सामान्य उपचार | |
| ४ | Ciprofloxacin 250/500 mg | | सामान्य उपचार | |
| ५ | Azithromycin 250/500 mg | | सामान्य उपचार | |

| | | | | |
|---|---|---|---|---|
| ६ | Metronidazole 200/400 mg | Antiprotozoal | सामान्य उपचार | |
| ७ | Oral Rehydration Solution | Solution | सामान्य उपचार | |
| ९ | Ciprofloxacin Eye / Ear | Drop | सामान्य उपचार | |
| १० | Cetirizine 10 mg | Antihistamine | सामान्य उपचार | |
| ११ | Clove oil | Oil | सामान्य उपचार | |
| १२ | Vitamin B Complex | Micro Nutrient | सामान्य उपचार | |
| १३ | Salbutamol 4 mg Tablet | Bronchodilator | सामान्य उपचार | |
| १४ | Salbutamol MDI | | सामान्य उपचार | |
| १५ | Metoclopramide 10 mg | Antiemetic | सामान्य उपचार | |
| १६ | Ranitidine 150 mg | | सामान्य उपचार | |
| १७ | Normal Dressing | | सामान्य उपचार | |
| १८ | Clotrimazole Cream | Antifungal | सामान्य उपचार | |
| १९ | Gamma Hexachloride | | सामान्य उपचार | |
| २० | Povidone Iodin | Antiseptic | सामान्य उपचार | |
| २१ | Cotton | | सामान्य उपचार | |
| २२ | Bandage | | सामान्य उपचार | |
| २३ | Gauze | | सामान्य उपचार | |
| २४ | Vitamin B Complex | Micro nutrient | सामान्य उपचार | |
| २५ | Benzoic Acid + Salicylic Acid | Ointment | सामान्य उपचार | |
| २६ | Albendazole 400 mg Tablet | Anthelminthic | सामान्य उपचार | |

२) विशिष्टकृत उपचार अस्पतालबाट मात्र हुने हुदाँ सुविधायूक्त अस्पतालमा यथासक्य चाडो प्रेषण गर्नु पर्दछ।

१) Emergency Service

२) OPD Service

३) अन्तरङ्ग सेवा पर्दछन् ।

-घरैमा आधारित जेष्ठ नागरिक आधारभूत स्वास्थ्य सेवा कार्यक्रम संचालन कार्यविधि,२०७९-

घरैमा आधारित जेष्ठ नागरिक आधारभूत स्वास्थ्य सेवा कार्यक्रमका लागि परिचालन भएका स्वास्थ्यकर्मीहरुले प्रत्येक महिना देहाय बमोजिमको काम काज तथा फिल्ड कार्यतालिका बमोजिम काम काज गर्नु पर्नेछ ।

फिल्डमा काम गर्ने कर्मचारीको नामः पदः अ.हे.व.चौथो तह फिल्डमा काम गर्ने क्षेत्रः वडा नं.१ र ३

| क्र.स. | मिति | कामको बिवरण | कैफियत |
|---|---|---|---|
| १ | १ गते | प्रत्येक महिनाको १ गते कार्यलयमा हाजिर हुने | गाउँपालिकामा |
| २ | २ गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. १ |
| ३ | ३गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. १ |
| ४ | ४गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. १ |
| ५ | ५गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. १ |
| ६ | ६गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. १ |
| ७ | ७गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. १ |
| ८ | ८गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. १ |
| ९ | ९गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. १ |
| १० | १०गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. १ |
| ११ | ११गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. १ |
| १२ | १२गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. १ |
| १३ | १३गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. १ |
| १४ | १४गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. १ जम्मा १३ दिन |
| १५ | १५गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ३ |
| १६ | १६गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ३ |
| १७ | १७गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ३ |
| १८ | १८गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ३ |
| १९ | १९गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ३ |
| २० | २०गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ३ |
| २१ | २१गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ३ |
| २२ | २२गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ३ |
| २३ | २३गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ३ |
| २४ | २४गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ३ |
| २५ | २५गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ३ |
| २६ | २६गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ३ |
| २७ | २७गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं.३ १३ दिन |
| २८ | २८ गते | स्वास्थ्य चौकी छेस्काम | प्रतिवेदन बुझाउने |
| २९ | २९ गते | महाकुलुङ प्राथमिक अस्पताल | प्रतिवेदन बुझाउने |
| ३० | ३० गते | पालिकामा हाजिर हुने | गाउँ पालिकामा |
| ३१ | ३१ गते | | |
| ३२ | ३२ गते | | |

फिल्डमा खटिएको दिन शनिवार पर्न गएमा सोको भोलिपल्ट सेवा उपलब्ध गराउनु पर्नेछ । शनिवार सेवा उपलब्ध नहुने र सट्टा बिदा समेत नहुने जानकारी गराईन्छ ।

फिल्ड कार्यतालिका लेखा शाखामा बुझाउने र सोही कार्य तालिकाका आधारमा तलब तथा फिल्ड भत्ता उपलब्ध हुने छ ।

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कोशी प्रदेश

## घरैमा आधारित जेष्ठ नागरिक आधारभूत स्वास्थ्य सेवा कार्यक्रम संचालन कार्यबिधि,२०७९

घरैमा आधारित जेष्ठ नागरिक आधारभूत स्वास्थ्य सेवा कार्यक्रमका लागि परिचालन भएका स्वास्थ्यकर्मीहरुले प्रत्येक महिना देहाय बमोजिमको काम काज तथा फिल्ड कार्यतालिका बमोजिम काम काज गर्नु पर्नेछ ।

**फिल्डमा काम गर्ने कर्मचारीको नामः पदः अ.हे.व.चौथो तह फिल्डमा काम गर्ने क्षेत्रः वडा नं.२,४ र ५**

| क्र.स. | मिति | कामको बिवरण | कैफियत |
|---|---|---|---|
| १ | १ गते | प्रत्येक महिनाको १ गते कार्यलयमा हाजिर हुने | गाउँपालिकामा |
| २ | २ गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. २ |
| ३ | ३गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. २ |
| ४ | ४गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. २ |
| ५ | ५गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. २ |
| ६ | ६गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. २ |
| ७ | ७गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. २ |
| ८ | ८गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. २ ७ दिन ५९ जना |
| ९ | ९गते | पेल्माङ आधारभुत स्वास्थ्य सेवा केन्द्र | वडा नं. २ प्रतिवेदन बुझाउने । |
| १० | १०गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ४ |
| ११ | ११गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ४ |
| १२ | १२गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ४ |
| १३ | १३गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ४ |
| १४ | १४गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ४ |
| १५ | १५गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ४ |
| १६ | १६गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ४ |
| १७ | १७गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ४ |
| १८ | १८गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ४ १० दिन १०५ जना |
| १९ | १९गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ५ |
| २० | २०गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ५ |
| २१ | २१गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ५ |
| २२ | २२गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ५ |
| २३ | २३गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ५ |
| २४ | २४गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ५ |
| २५ | २५गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ५ |
| २६ | २६गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं. ५ |
| २७ | २७गते | फिल्डमा काम काज गर्न जाने २२ दिन फिल्ड कार्य तालिका अनुसार | वडा नं.५ ८ दिन ७९ जना |
| २८ | २८ गते | तुमाउ आधारभुत स्वास्थ्य सेवा केन्द्र | प्रतिवेदन बुझाउने |
| २९ | २९ गते | स्वास्थ्य चौकी गुदेल | प्रतिवेदन बुझाउने |
| ३० | ३० गते | पालिकामा हाजिर हुने | गाउँ पालिकामा |
| ३१ | ३१ गते | | |
| ३२ | ३२ गते | | |

फिल्डमा खटिएको दिन शनिवार पर्न गएमा सोको भोलिपल्ट सेवा उपलब्ध गराउनु पर्नेछ । शनिवार सेवा उपलब्ध नहुने र सट्टा बिदा समेत नहुने जानकारी गराईन्छ ।

**फिल्ड कार्यतालिका लेखा शाखामा बुझाउने र सोही कार्य तालिकाका आधारमा तलब तथा फिल्ड भत्ता उपलब्ध हुने छ ।**